बडीमालिका नगरपालिका

स्थानीय राजपत्र

खण्ड- १ संख्या - ९ मिति:२०८२ श्रावण २७ मंगलबार

भाग-२

## बडीमालिका नगरपालिका भित्रका सामुदायिक विद्यालयलाई एकमुष्ठ अनुदान तथा शिक्षक नियुक्ति सम्बन्धी (पहिलो संशोधन) कार्यविधि ,२०८२

बडीमालिका नगरपालिका भित्रका सामुदायिक विद्यालयलाई एकमुष्ठ अनुदान तथा शिक्षक नियुक्ति सम्बन्धी कार्यविधि २०७९ लाई संशोधन गर्न वाच्छनीय भएकाले

स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम सार्वजनिक जानकारीको लागि देहाय बमोजिम प्रकाशन गरिएको छ।

संक्षिप्त नाम र प्रारम्भः बडीमालिका नगरपालिका भित्रका सामुदायिक विद्यालयलाई एकमुष्ठ अनुदान तथा शिक्षक नियुक्ति सम्बन्धी (पहिलो संशोधन) कार्यविधि ,२०८२ रहेको छ।

२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. बडीमालिका नगरपालिका भित्रका सामुदायिक विद्यालयलाई एकमुष्ठ अनुदान तथा शिक्षक नियुक्ति सम्बन्धी कार्यविधि २०७९ को दफा १२ को उपदफा ६ (ग), (छ) र (झ) संशोधन,

१. दफा १२ को उपदफा ६ को (ग) मा भएको व्यवस्था विद्यालयमा नगरपालिकाको अनुदानबाट शिक्षकको पदपूर्ति गर्नका लागि देहाय बमोजिमको शिक्षक छनौट समिति रहनेछ उक्त उपदफाको (३) मा भएको शिक्षा शाखाको प्रमुख वा निजले तोकेको शिक्षा शाखाको कर्मचारी- सदस्य भन्ने झिकिएको

२. दफा १२ को उपदफा ६ विद्यालयमा नगरपालिकाको अनुदानबाट शिक्षकको पदपूर्ति गर्नका लागि देहाय बमोजिमको शिक्षक छनौट समिति रहनेछ उक्त दफाको उपदफा (छ) मा भएको विषय विज्ञद्वारा निर्मित प्रश्नपत्रहरूलाई शिक्षा शाखा प्रमुखले आवश्यकता अनुसार सम्बन्धित विषयको विज्ञ समेत समावेश गरी, मोडरेशन गरी प्रश्नपत्रलाई अन्तिम रूप दिई सिलबन्दी गरेर प्रश्नपत्र बैंकमा राख्नेछ भन्ने शब्द झिकिएको र उक्त शब्दको सट्टा प्रश्नपत्र निर्माणको सम्पूर्ण जिम्मा विद्यालयलाई दिने भन्ने शब्द राखिएको।

३. दफा १२ को उपदफा ६ विद्यालयमा नगरपालिकाको अनुदानबाट शिक्षकको पदपूर्ति गर्नका लागि देहाय बमोजिमको शिक्षक छनौट समिति रहनेछ उक्त दफाको उपदफा (झ) मा भएको व्यवस्था शिक्षक छनोट समितिको सचिवालय न.पा. को शिक्षा युवा तथा खेलकुद शाखामा रहनेछ भन्ने शब्द झिकिएको र उक्त शब्दको सट्टा सचिवालयको सम्पूर्ण जिम्मा विद्यालयलाई दिने भन्ने शब्द राखिएको।

४. परिच्छेद ३ दफा १२ को उपदफा ५ (छ) मा भएको व्यवस्था नगर क्षेत्रभित्रका विद्यालयमा भन्ने शब्द झिकिएको छ।

आज्ञाले,

पदमबहादुर माझी

प्रमुख प्रशासकीय अधिकृत